# (ग) श्रेणी (पशु विज्ञान) मा नाम दर्ताको लागि लिइने परीक्षाको पाठ्यक्रम

नेपाल सरकार

पशु स्वास्थ्य तथा पशु सेवा व्यवसायी परिषद

(नियमावलीको नियम १० उपनियम (१) संग सम्बन्धित)

पशु स्वास्थ्य तथा पशु सेवा व्यवसायी परिषद ऐनको दफा १७ अनुसार मान्यताप्राप्त शिक्षण संस्थाबाट पशु स्वास्थ्य तथा पशु सेवा व्यवसायसँग सम्बन्धित विषयमा कम्तीमा प्रविणता प्रमाणपत्र तह वा सो सरहको उपाधि हासिल हासिल गरि "ग" वर्गको लागि योग्यता पुगेका पशु स्वास्थ्य तथा पशु सेवा व्यवसायीलाई परिषदमा नाम दर्ताको लागि लिइने लिखित परीक्षाको पाठ्यक्रम.

**यो पाठ्यक्रमलाई निम्नानुसार तीन भागमा वर्गिकरण गरिएको छः**

| क्र.स. | खण्ड | पूर्णाङ्क |
|---|---|---|
| १. | खण्ड (क) परीषद तथा पशुसेवा सम्बन्धी जानकारी | १५ |
| २. | खण्ड (ख) विषयसँग सम्बन्धित ज्ञान | ८५ |

**परीक्षा योजना (Examination Scheme)**

| क्र.स. | खण्ड/विषय | पूर्णाङ्क | उत्रिणाङ्क | परीक्षा प्रणाली | प्रश्न संख्या | समय |
|---|---|---|---|---|---|---|
| १. | सामान्य विषयबस्तु सम्बन्धी ज्ञान | १०० | ४० | वहुवैकल्पिक प्रश्न (MCQs) | १५ | ९० मिनेट |
| २. | विषयसँग सम्बन्धित ज्ञान | | | | ८५ | |

द्रष्टव्यः

१. यो पाठ्यक्रमको योजनालाई एउटै चरणमा परीक्षा लिनेगरी तयार गरिएको छ ।

२. लिखित परीक्षाको प्रश्नपत्रको माध्यम भाषा पाठ्यक्रमको विषयवस्तु जुन भाषामा दिइएको छ सोही भाषाको आधारमा नेपाली वा अंग्रेजी मध्ये कुनै एक मात्र भाषा हुनेछ। तर विषयवस्तुलाई स्पष्ट गर्नुपर्ने अवस्थामा दुवै भाषा समेत प्रयोग सकिने छ।

३. लिखित परीक्षाको माध्यम भाषा नेपाली वा अंग्रेजी अथवा नेपाली र अंग्रेजी दुवै हुनेछ ।

४. लिखित परीक्षा एकैदिनमा एकैपटक लिइनेछ ।

५. वस्तुगत बहुवैकल्पिक हुने परीक्षामा परीक्षार्थीले उत्तर लेख्दा अग्रेजी ठूलो अक्षरहरु (Capital letters): A. B. C. D मा लेख्नुपर्नेछ। सानो अक्षरहरू (Small letters): a, b, c, d लेखेको वा अन्य कुनै सङ्केत गरेको भए सबै उत्तरपुस्तिका रद्द हुनेछ ।

६. बहुवैकल्पिक प्रश्न हुने परीक्षामा कुनै प्रकारको क्याल्कुलेटर (Calculator) प्रयोग गर्न पाइने छैन ।

७. विषयगत प्रश्न हुनेका हकमा प्रत्येक खण्डका लागि छुट्टाछुट्टै उत्तरपुस्तिकाहरू हुनेछन् । परिक्षार्थीले प्रत्येक खण्डका प्रश्नको उत्तर सोहीखण्डको उत्तरपुस्तिकामा लेख्नुपर्नेछ ।

८. परीक्षामा सोधिने प्रश्नसंख्या, अङ्क र अङ्कभार यथासम्भव सम्बन्धित पत्र विषयमा दिइए अनुसार हुनेछ ।
९. यस पाठ्यक्रम योजना अन्तर्गतका पत्र/विषयका विषयवस्तुमा जेसुकै लेखिएको भए तापनि पाठ्यक्रममा परेका कानून, ऐन, नियम तथा नीतिहरू परीक्षाको मिति भन्दा ३ महिना अगाडि संशोधन भएका वा संशोधन भई हटाईएका वा थप गरी संशोधन भई। कायम रहेकालाई यस पाठ्यक्रममा परेको सम्झनु पर्दछ ।
१०. पाठ्यक्रम लागू मितिः २०८३/५/१०

## खण्डः क परीषद तथा पशुसेवा सम्बन्धी जानकारीः १५%

१. परिषद्को परिचय, प्रकार, कानुनी हैसियत तथा वर्गीकरणअनुसारका विशेषताहरूबारे सामान्य जानकारी।
२. पशु स्वास्थ्य तथा पशु सेवा व्यवसायी परिषद्को इतिहास, वर्तमान अवस्था तथा गठन प्रक्रियाबारे सामान्य जानकारी।
३. पशु स्वास्थ्य तथा पशु सेवा व्यवसायी परिषद्सँग सम्बन्धित तथा सो परिषद्अन्तर्गत बनेका ऐन, नियमावली, विनियम, कार्यविधि, निर्देशिका तथा अन्य नीतिगत व्यवस्थाबारे सामान्य जानकारी।
४. पशु स्वास्थ्य तथा पशु सेवा व्यवसायीहरूको वर्गीकरण तथा न्यूनतम शैक्षिक योग्यतासम्बन्धी सामान्य जानकारी।
५. पशु स्वास्थ्य तथा पशु सेवा व्यवसायीहरूले पालना गर्नुपर्ने नैतिक मूल्य, मान्यता तथा व्यावसायिक नैतिक आचारसंहितासम्बन्धी सामान्य जानकारी।
६. पशु स्वास्थ्य तथा पशु सेवा व्यवसायीहरूले पालना गर्नुपर्ने आचारसंहिता।
७. पशु स्वास्थ्य तथा पशु सेवा व्यवसायी उत्पादन गर्ने शैक्षिक संस्थाहरूमा आवश्यक पर्ने न्यूनतम भौतिक पूर्वाधार, प्रयोगशाला, उपकरण तथा अन्य आधारभूत सुविधाहरू।
८. पशु स्वास्थ्य तथा पशु सेवा व्यवसायी उत्पादन गर्ने उद्देश्यले तयार गरिने शैक्षिक पाठ्यक्रममा समावेश हुनुपर्ने आवश्यक विशेषताहरू।

## खण्ड (ख) विषयसँग सम्बन्धित ज्ञान ८५%

### १. पशुपन्छी स्वास्थ्य ३५%

१. पशुहरूको स्वास्थ्य परीक्षण विधी बारे सामान्य जानकारी ।
२. पशुपन्छीमा प्रयोग हुने औषधी सम्बन्धी सामान्य जानकारी।
(क) औषधीहरूको वर्गीकरण
(ख) औषधीहरूको मात्रा निकाल्ने तथा प्रयोग विधि,
(ग) औषधीहरूको दुरूपयोग तथा एन्टी माइक्रोवियल रेसिस्टेन्सी

३. पशुपन्छीका बाह्य परजिविको पहिचान, उपचार, नियन्त्रण तथा रोकथामको बारेमा सामान्य जानकारी।

४. पशुहरूका प्रमुख ब्याक्टेरियल रोगहरुको पहिचान, उपचार, नियन्त्रण तथा रोकथामको बारेमा सामान्य जानकारी।

५. पशुहरूका प्रमुख भाईरल रोगहरुको पहिचान, उपचार, नियन्त्रण तथा रोकथामको बारेमा सामान्य जानकारी।

६. ढुसि तथा ढुसि जन्य पदार्थबाट हुने रोगहरु (Fungal and mycotoxic diseases) को पहिचान, उपचार, नियन्त्रण तथा रोकथामको बारेमा सामान्य जानकारी।

७. जुनोटिक रोगहरु (Milk borne diseases / Meat borne diseases) को परिचय, वर्गीकरण तथा सर्ने माध्यमहरू र रोकथाम बारे सामान्य जानकारी तथा रोग फैलिन नदिन व्यवसायीहरूको भूमिका।

८. इमर्जिङ तथा रि-इमर्जिङ रोगहरू, एक स्वास्थ्य रणनीति तथा व्यवसायीहरूको भूमिका।

९. प्रजनन सम्बन्धी समस्या तथा विकृतीहरूको पहिचान, उपचार, नियन्त्रण तथा रोकथामको बारेमा सामान्य जानकारी।

१०. मेटावलिक रोगहरूको पहिचान, उपचार, नियन्त्रण तथा रोकथामको बारेमा सामान्य जानकारी।

११. पौष्टिक तत्वको कमीले हुने समस्या/रोगहरूबारे सामान्य जानकारी।

१२. पशुपन्छी खोप तथा परजीवी नियन्त्रण तालिका

१३. खोर गोठको सरसफाई, निसंक्रमण र पशुपन्छी पालनमा जैविक सुरक्षा

१४. आधारभूत प्रयोगशाला तथा यसका उपकरणहरु एबम् निर्मलीकरण गर्ने तरीका

## २. पशुपन्छीपालन ३५%

१. नेपालमा पालिने पशुपन्छीका रैथाने तथा नेपालमा विकास गरिएका उन्नत जातहरू (पाखीबास बंगुर) र तिनीहरूको जातीय विशेषताहरू ।

२. नेपालमा पालिने पशुपन्छीका विदेशी जातहरू तथा तिनीहरूको जातीय विशेषताहरू ।

३. दूध, मासु तथा अण्डा उत्पादनको उद्देश्य अनुसार पशुपन्छीका जातहरूको वर्गीकरण ।

४. पशुपन्छीहरूको प्रजनन् व्यवस्थापन सम्बन्धी सामान्य जानकारी ।

(क) प्रजनन् को लागि छनौटका आधार तथा तरिकाहरू

(ख) पशु प्रजननको वर्गीकरण

(ग) पशुपन्छीहरूको शारीरिक मूल्यांकन

(घ) पशु प्रजनन् मा हर्मोनको भूमिका

(ङ) ऋतुचक्र तथा प्रजनन गराउने उपयुक्त समय पहिचान

(च) प्रजनन विधि तथा तरिकाहरू

५. पौष्टिक तत्वहरूको वर्गीकरण तथा तिनीहरूको भूमिका सम्बन्धी सामान्य जानकारी ।

६. पशुपन्छी आहार व्यवस्थापन सम्बन्धी सामान्य जानकारी ।

(क) घाँसमा आधारित पशुपालन

(ख) बाह्रै महिना हरियो घाँस उत्पादन योजना
(ग) वर्षैभरी सन्तुतिल आहार व्यवस्थापन
(घ) घाँसपातको संरक्षण तथा कृषिजन्य उपपदार्थहरूको पौष्टिकता सुधार गर्ने तरिका
(ङ) चरन व्यवस्थापन तथा चरन घाँसहरू
(च) उन्नत घाँसहरूको वर्गिकरण तथा विशेषताहरू
(छ) प्रमुख घाँसहरू ( जै, वर्षिम, नेपियर, सुडान घाँस, पारा घाँस, ह्वाइट क्लोभर, रेड क्लोभर र लुसर्न) को खेती प्रविधि
(ज) प्रमुख डालेघाँसहरू ( इपिल इपिल, वडहर, कोइरालो, टाँकी, काभ्रो, पाखुरी, किम्बु, दबदबे, पैयू, बकेना,निभारो )का खेती प्रविधि

७. पशुपन्छीहरूको खोर/गोठ व्यवस्थापन सम्बन्धी सामान्य जानकारी।
८. पशुपन्छीहरूको खोर/गोठको सरसफाई तथा जैविक सुरक्षा सम्बन्धी सामान्य जानकारी।
९. विभिन्न उमेर र अवस्था अनुसारका पशुपन्छीहरूको व्यवस्थापन सम्बन्धी सामान्य जानकारी।
१०. पशु आहार र यसको वर्गिकरण
११. दूध तथा दुग्ध विज्ञान सम्बन्धी सामान्य जानकारी।
१२. दूध निरोगन तथा दुग्ध परिकारहरू सम्बन्धी सामान्य जानकारी।
१३. दही, पनीर, वटर, घिउ तथा खोवा उत्पादन प्रविधी

३. <u>मत्स्य विज्ञान ३०%</u>

१. माछा र माछापालन विज्ञान सम्बन्धी सामान्य जानकारी।
२. माछाको बाह्य तथा आन्तरिक वनावट र बिभिन्न अंगहरूको कार्यहरू सम्बन्धी सामान्य जानकारी।
३. माछापालन को इतिहास तथा वर्तमान अवस्था सम्बन्धी सामान्य जानकारी।
४. नेपालमा व्यवसायीक रूपमा पालिने माछाका प्रजाती र तिनीहरूको विशेषताहरू ।
५. माछापालनको महत्व ।
६. माछापालन पद्धतिहरूको वर्गीकरण र तिनीहरूको विशेषता ।
७. माछापालनको लागि आवश्यक पूर्वाधारहरूको तथा प्राविधिक मापदण्डहरू।
८. माछापालनका लागि पानीको गुणस्तर।
९. मत्स्यपालनका विभिन्न प्रविधिहरू।
१०. मत्स्यपालनसँग सम्बन्धित बिभिन्न सामग्री, यन्त्र तथा उपकरणहरू र तिनीहरूको उपयोगिता ।
११. बिभिन्न उमेर, अवस्था तथा उद्देश्य अनुसार माछापालन व्यवस्थापन ।
१२. मत्स्य प्रजनन, ढुवानी तथा स्टकिङ सम्बन्धी सामान्य जानकारी।
१३. खाने माछा उत्पादन प्रविधि सम्बन्धी सामान्य जानकारी।
१४. मत्स्य आहाराको व्यवस्थापन सम्बन्धी सामान्य जानकारी।
१५. मत्स्यपालनमा नविनतम प्रविधिको प्रयोग सम्बन्धी सामान्य जानकारी।
१६. माछा समात्ने तरिकाहरू ।
१७. खाने माछाको ढुवानी तथा पोष्टहार्भेष्ट व्यवस्थापन ।

१८. माछापालनमा व्यवस्थापकीय समस्या तथा समाधानका उपायहरू सम्बन्धी सामान्य जानकारी।

(क) पोखरी चुहिनु,

(ख) पानीको धमिलोपना,

(ग) पानीमा घुलित अक्सिजनको कमी,

(घ) पानीमा घुलित बिभिन्न ग्यासहरू,

(ङ) झारपात,

(च) जंगली माछा,

(छ) शिकारी जीवहरू

(ज) कुपोषण

(झ) पौष्टिक तत्वको कमीले लाग्ने बिभिन्न रोगहरू

(ञ) माछामा टोकाटोक (Cannibalism) को समस्या

१९. माछामा परजीवीहरू तथा तिनीहरू सम्बन्धी सामान्य जानकारी।

२०. माछामा प्रोटोजुवाको कारणले लाग्ने रोगहरू सम्बन्धी सामान्य जानकारी।

२१. माछामा ढुसीको कारणले लाग्ने रोगहरू सम्बन्धी सामान्य जानकारी।

२२. माछामा जीवाणुको कारणले लाग्ने रोगहरू सम्बन्धी सामान्य जानकारी।

२३. माछामा भाइरसको कारणले लाग्ने रोगहरू सम्बन्धी सामान्य जानकारी।

२४. माछामा जैविक सुरक्षा सम्बन्धी सामान्य जानकारी।

२५. माछाका विभिन्न परिकारहरू सम्बन्धी सामान्य जानकारी।

समाप्त